## फ्रान्समा एन. आर. एन. महिला फोरम गठन।

संसारकै अति सुन्दर शहर पेरिस फ्रान्समा, फ्रान्सका लागी नेपाली महामहिम राजदुतकी धर्म-पत्नी श्रीमती सजना श्रेष्ठको सकृयता तथा एन. आर. एन. ए. फ्रान्सको आयोजनामा एक बृहत महिला भेला सम्पन्न गरीयो। एन. आर. एन. ए. फ्रान्सकी महिला प्रतिनिधी श्रीमती रोशनी हमालज्युको सभापतित्वमा सम्पन्न भएको उक्त भेलामा फ्रान्सका लागि नेपाली महामहिम राजदुत श्री मोहनकृष्ण श्रेष्ठज्यु प्रमुख अतिथि रहनु भएको थियो भने विशेष अतिथिमा एन. आर. एन. ए. की अन्तराष्ट्रिय महिला सह-संयोजिका श्रीमती रजनी प्रधान तथा महामहिम पत्नी सजना श्रेष्ठद्धय रहनु भएको थियो। नेपाली राष्ट्रिय गान गाई सुरुवात गरिएको यस कार्यक्रमको संचालन एन. आर. एन. ए. फ्रान्स कार्यसमितिकी सदस्य गीता थापाज्युले गर्नुभएको थियो भने प्रमुख अतिथि महामहिम राजदुत मोहनकृष्ण श्रेष्ठज्यु र एन. आर. एन. ए. की अन्तराष्ट्रिय महिला सह-संयोजिका श्रीमती रजनी प्रधानज्युले संयुक्त रुपमा पानसमा बत्ती बालेर कार्यक्रमको उद्‌घाटन गर्नु भएको थियो। कार्यक्रममा एन. आर. एन. ए. फ्रान्सकी निवर्तमान महिला प्रतिनिधि श्रीमती शोभा मैनालीज्युले स्वागत मन्तब्य मार्फत स्वागत गर्नुहुँदै सम्पूर्ण फ्रान्सवासी दिदीबहिनीहरु एक आपसमा परिचयगरी महिलाहरुको समस्याहरुलाई पहिचान गरी त्यसको समाधानको लागि एकजुट हुनुको विकल्प नभएको कुरामाथी प्रकाश पार्नु भएको थियो। कार्यक्रमका प्रमुख अतिथी फ्रान्सका लागि नेपाली महामहिम राजदुत श्री मोहनकृष्ण श्रेष्ठज्युले कुल नेपाली जनसंख्याको करिब ५१% भन्दा बढी हिस्सा ओगटेका महिलावर्गको सहयोग र सहभागीता बिना राष्ट्र निर्माण तथा एक सभ्य समाज निर्माण गर्ने काम असम्भव रहेकोले महिलाबर्गको हितमा समर्पित हुने कुनै पनि सकारात्मक कार्यक्रमहरुको लागि नेपाली राजदुतावास पेरिस, सदैव सहकार्य गर्न र सहयोग गर्न तत्पर रहेको कुरा व्यक्त गर्नु भएको थियो। एन. आर. एन. ए. फ्रान्सका अध्यक्ष घनश्याम पौडेलज्युले यस अघि फ्रान्समा कुनै ठोस खालको महिला कार्यक्रम ल्याउन नसकीएको यस बर्तमान अवस्थामा आजको यस महिलाभेलाले सम्पूर्ण फ्रान्सवासी महिला दिदीबहिनीहरुको बिचमा आपसी सहयोग, सद्‌भाव कायम गर्दै सभ्य समाज तथा राष्ट्र निर्माणको लागि कोसे ढुंगा सावित हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो। यसरी नै शुभकामना मन्तब्यकै क्रममा एन. आर. एन. ए. अन्तराष्ट्रिय महिला सह-संयोजिका श्रीमती रजनी प्रधानज्युले हामीहरु गैर आवासीय नेपाली संघको संजाल मार्फत संसारभर छरीएर रहेका नेपाली महिलाहरु एक जुट भई आ-आफ्नो तह र तप्काबाट नेपाल र नेपालवासी महिलाहरुको उत्थान गरी, एक सभ्य समाज निर्माण गर्ने कार्यमा एकतावद्द भई समर्पित हुनुपर्ने कुरामा जोड दिनुहुँदै "एक महिला एक यूरो" भन्ने कार्यक्रमलाई विशेष जोडका साथ प्रकाश पार्नुभएको थियो। यसरी एक महिला एक यूरो कार्यक्रम मार्फत अहिले अरु विभिन्न देशहरुबाट संकलन भएको रकमले नेपालको दुर्गम ठाउँमा बसोवास गर्ने अधिकतम महिलाहरुको आङ खस्ने समस्या (रोग) को उपचार गरिएको र भविष्यमा यस कार्यक्रमलाई तिब्रता दिई विभिन्न खालको महिला स्वावलम्बन कार्यक्रमहरु समेत गरिने कुरा ब्यक्त गर्नु हुँदै यस कार्यक्रमलाई सुचारु रुपले अगाडी बढाउनको लागि हरेक देशमा गैर आवासीय महिला फोरम गठन गर्नुपर्ने आवश्यकता भएकोले फ्रान्समा पनि एन. आर. एन. ए. फ्रान्सकी महिला प्रतिनिधीको संयोजगत्वमा महिला फोरमको गठन गरीयो।

करीब ८० जना महिला दिदीबहिनीहरुको सहभागिता रहेको यस कार्यक्रमको अन्तमा कार्यक्रमकी सभापति तथा नव गठित महिला फोरमकी संयोजिका श्रीमती रोशनी हमालज्युले, यस महिला भेलाको महत्वपूर्ण औचित्यता रहेको र हामी महिलाहरुले विदेशमा झेल्नुपरेका धार्मिक, सामाजीक समस्याहरु समाधानका लागि र आर्थिक स्वावलम्वी बन्नको लागी एकजुट भई हातमा हात मिलाउनु पर्ने कुरालाई जोड, दिई भर्खरै गठन भएको एन. आर. एन. ए. फ्रान्सको महिला फोरमले भविष्यमा सम्पूर्ण फ्रान्सवासी तथा नेपालमा रहेका नेपाली महिलाहरुको सामाजिक, धार्मिक र आर्थिक हितको लागी जुनसुकै काम गर्न पनि पछि नपर्ने कुराको प्रतिबद्ध जाहेर गर्दै यस महिला भेलाको समापन गर्नु भएको थियो।